

# भन्छिन् आमा

## समयमै स्वस्थ शुरूवात

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| WINNER | 99 | 98 | 97 | साना भाइ-बहिनीलाई झाडापखाला लागेमा पूनर्जलिय झोलको साथै उमेर अनुसार जिंक चक्कि १० दिनसम्म लगातार खुवाउँछु 96 | 95 | 94 | 93 | 92 | 91 |
| 81 | 82 | 83 | 84 | 85 | 86 | 87 | नियमित कपाल, नङ काट्छु अनि चिटिक्क परेर स्कूल जान्छु 88 | 89 | 90 |
| 80 | 79 | सधैं खानामा दुई बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुन प्रयोग गर्छु 78 | 77 | 76 | 75 | हरेक दिन खाना खाए पछि दाँत माझ्छु । 74 | 73 | 72 | 71 |
| 61 | 62 | 63 | 64 | स्वास्थ्य सम्बन्धि सल्लाह चाहिएमा स्वास्थ्य संस्था जान्छु र अरूलाई पनि जाने सल्लाह दिन्छु 65 | 66 | 67 | 68 | 69 | 70 |
| 60 | 59 | 58 | 57 | 56 | 55 | 54 | आफूले सिकेका कुरा अरूलाई पनि सिकाउँछु त्यसैले सबैले मन पराउँछन् 53 | 52 | 51 |
| 41 | 42 | 43 | 44 | 45 | विरामी खासै पर्दिन, जहिले पनि स्कूलमा खाजा घरबाट नै लैजान्छु 46 | 47 | 48 | 49 | 50 |
| 40 | 39 | 38 | 37 | घरमा बनाइएका खाना खान मन पराउंछु त्यसैले हेर्दैमा बलियो र राम्रो छु 36 | 35 | 34 | 33 | 32 | 31 |
| बुवाले सधैं सानी बहिनीलाई पनि अण्डा वा मासु मिची-मिची खुवाउनुहुन्छ 21 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 | 29 | घर-आँगन सफा गर्न सघाँउछु, सबैले इज्जत गर्छन् 30 |
| 20 | 19 | मिठो मात्र खान मन पराउँछु त्यसैले घरमा थरिथरिका तरकारी रोप्न मद्दत गर्छु 18 | 17 | 16 | 15 | शौचालय चर्पी प्रयोग गरेपछि साबुन पानीले मिची-मिची हात धुन्छु 14 | 13 | खाना खानु भन्दा अगाडी साबुन पानीले मिची-मिची हात धुन्छु 12 | 11 |
| सबैको घर 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |

### आफ्नो गाढा रङ्गको घर

१ खानामा सधैं अण्डा, माछामासु, हरिया सागपात तथा पहेंला जातका फलफूल मिसाएर खायौ, स्वस्थ र निरोगी भयौ - १२ घर अगाडि बढ ।

२ खाना खानु भन्दा पहिला र चर्पी प्रयोग गरेपछि साबुन पानीले मिची मिची हात धुन्छौ, झाडापखाला र टाईफाईड बाट सुरक्षित छौ - ६ घर अगाडि बढ ।

३ साना भाइ-बहिनीलाई झाडापखाला लाग्दा पूनर्जलिय झोलको साथै जिंक चक्कि १० दिनसम्म लगातार खुवायौ, भाई-बहिनी स्वस्थ भए – १० घर अगाडि बढ ।

४ नियमित कपाल, नङ काटेर चिटिक्क परेर स्कूल जान्छौ – ४ घर अगाडि बढ ।

५ स्वास्थ्य सम्बन्धि सल्लाह चाहिएमा स्वास्थ्य संस्था जान्छौ र अरूलाई पनि जाने सल्लाह दिन्छौ - ८ घर अगाडि बढ ।

६ खानामा सधैं दुई बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुन प्रयोग गर्छौ, गलगाँड बाट आफू र अरूलाई बचायौ – ५ घर अगाडि बढ ।

### आफ्नो भन्दा फरक गाढा रङ्को घर

१ खानामा अण्डा, माछामासु, हरिया सागपात तथा पहेंला जातका फलफूल मिलाएर खाएनौ, बिरामी भयौ – ५ घर पछाडि सर ।

२ खाना खानु भन्दा पहिला र चर्पी प्रयोग गरेपछि साबुन पानीले मिची-मिची हात धोएनौ, झाडापखाला र टाईफाईड लागेर बिरामी पर्यौ - ६ घर पछाडि सर ।

३ साना भाइ-बहिनीलाई झाडापखाला लाग्दा पूनर्जलिय झोलको साथै जिंक चक्कि १० दिन सम्म लगातार खुवाएनौ, भाई-बहिनीलाई सन्चो भएन - ६ घर पछाडि सर ।

४ नियमित रुपमा कपाल र नङ नकाटी स्कूल गयौ – ४ घर पछाडि सर ।

५ चर्पीको प्रयोग नगरी खुल्ला ठाउँमा दिशा गर्यौ - १० घर पछाडि सर ।

६ खानामा दुई बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुन प्रयोग गरेनौ, गलगाँड भयो – १२ घर पछाडि सर ।

# कलर पास

खेल्ने नियम

१. खेल कम्तिमा २ र बढीमा ४ जना बीच खेलिने छ ।
२ प्रत्येक खेलाडीले रातो, हरियो, निलो र पहेंलो/सुन्तला मध्ये कुनै एक रङ्को गोटी रोज्नेछ ।
३. तपाईले जुन रङ्को गोटीले खेल्नुहुन्छ, खेलमा त्यो रङ्को घर/कोठा तपाईको हुनेछ ।
४. खेल सुरु गर्दा 'सबैको घर' लेखेको ठाउँ बाट नै गर्नुपर्ने हुन्छ ।
५. खेल खेल्दा रातो, हरियो, निलो र पहेंलो/सुन्तला मध्ये कुनै गाढा रङ्गिन घरमा पुग्दा :
   क) घरको रङ् आफ्नो हो भने दायाँपट्टिको माथिल्लो, होइन भने तलको नियम हेर्नुहोस् ।
   ख) पाशामा आएको नम्बर अनुसारको नम्बरमा दिएको नियम बमोजिम गर्नुहोस् ।
६. पहिलो घरबाट सुरू गरी सर्वप्रथम अन्तिम घरमा पुग्ने खेलाडी नै विजयी हुनेछ ।


USAID
अमेरिकी जनताबाट

सुआहारा
सबैको परिवार फलोस् फुलोस्

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं